## मिति २०८२ असोज ०९ गते बिहिबार बसेको ७० औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

### प्रस्तावहरु

१. गत बैठकको समीक्षा
२. प्रमुख प्रशासकीय अधिकृतको स्वागत सम्बन्धमा
३. विजया दशमी, दिपावली, छठ तथा नेपाल सम्बतको शुभकामना सम्बन्धमा
४. आ.व. २०८२/०८३ को दररेट स्वीकृति सम्बन्धमा
५. करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा
६. विविध सम्बन्धमा

### निर्णयहरु

#### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा गत नगरकार्यपालिकाको बैठकबाट भएका निर्णय र सो को कार्यान्वयन अवस्थाका बारेमा समीक्षा गरियो।

#### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाजका लागि खटिनुभएका उपसचिव श्री धर्मराज लम्सालज्यूलाई यस नगरकार्यपालिकाको तर्फबाट हार्दिक स्वागत तथा शुभकामना व्यक्त गर्ने निर्णय गरियो। साथै, उहाँको कार्यकालमा नगरपालिकाको प्रशासनिक कार्य, विकास निर्माण, सेवा प्रवाह र सुशासन प्रवर्द्धनमा सफलतापूर्वक योगदान पुगोस् भन्ने शुभेच्छा प्रकट गरियो।

#### निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा महान् चाडपर्व विजया दशमी, दिपावली, छठ तथा नेपाल सम्बतको पावन अवसरमा सम्पूर्ण नगरवासीहरुमा शान्ति, समृद्धि, आपसी सद्भाव, स्वास्थ्य र प्रगतिका लागि शुभेच्छा प्रकट गर्दै, यी पर्वहरूले सामाजिक, सांस्कृतिक विविधता, परम्परा र आपसी एकतालाई अझ मजबुत बनाउन सहयोग पुगोस् भन्ने शुभेच्छा सहित हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

#### निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा काठमाडौं जिल्ला समन्वय समितिबाट आ.व. २०८२/०८३ का लागि स्वीकृत भएको निर्माण सामग्री, ज्याला दररेट अध्ययन गरी सिभिल,रोड, स्यानिटरी, ईलेक्ट्रिकल,वाटर सप्लाई, पुरातात्विक लगायत आवश्यक अन्य दररेट विश्लेषण भई पेश भएको दररेटलाई स्वीकृत गर्ने र स्वीकृत दररेटलाई योजनाको लागत अनुमान, बोलपत्र आह्वान, सम्झौता तथा भुक्तानीका आधारका रूपमा प्रयोग गर्न मातहतका कार्यालय र शाखालाई निर्देशन दिने। साथै चालु आर्थिक वर्षमा जिल्ला दररेटमा कुनै संशोधन, परिमार्जन वा परिपत्र जारी भएमा त्यसलाई स्वतः अद्यावधिक गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

#### निर्णय नं. ५

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिकाको लागि संघबाट हाल स्वीकृत स्थायी दरबन्दीलाई नगरपालिकाको कार्यबोझ एवं कार्यचाप अनुसार मौजुदा स्थायी दरबन्दीबाट मात्र नगरपालिकाको सेवा प्रवाह सुचारु हुन नसक्ने भएकोले नगरपालिका, वडा कार्यालय, स्वास्थ्य शाखा एवं अन्य शाखा अन्तर्गत हाल करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको आर्थिक वर्ष २०८२/८३ को लागि करार सम्झौता नविकरण गर्ने भनि १७ औं नगरसभाको निर्णय नं. ८(१) मा निर्णय

गीता

भएकोले सोही बमोजिम चालु आर्थिक वर्षको पौष मसान्तसम्म र बाँकी अवधिको लागि कार्यसम्पादन बमोजिम नवीकरण हुने गरी लागि करार अवधि थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ विविध सम्बन्धमा**

प्रस्ताव नं. ६ मा छलफल गर्दा विविधतर्फ देहाय बमोजिमका निर्णयहरु गरियो।

क) गत भाद्र २४ गते जेनजी प्रदर्शनको क्रममा मृत्युवरण गर्नुभएका तारकेश्वर नगरपालिका वडा नं. ४ निवासी वर्ष २५ को श्री धिरज श्रेष्ठका परिवारलाई आर्थिक सहायता र राहतस्वरूप नगद रु. १,००,००० (अक्षेरुपी एक लाख मात्र) प्रदान गर्ने र प्रदर्शनकै क्रममा घाइते भएका तारकेश्वर नगरपालिका वडा नं. ६ का स्व. सुनिल श्रेष्ठको छोरा सुरज श्रेष्ठ लाई उपचार सहयोगस्वरूप नगद रु. ५०,००० (अक्षेरुपी पचास हजार मात्र) प्रदान गर्ने निर्णय गरियो।